निबन्धः

# कोरोनासंगै पर्यटन

**'अस्ते भग आसीनस्य ऊध्वर्स्तिष्ठति तिष्ठतः**
**शेते निपद्यमानस्य चराति चरतो भग'**

'बसिरहने मनुष्यको शौभाग्य बसेकै हुन्छ,उभिने मनुष्यको शौभाग्य उससंगै उभिन्छ,सुतिरहने मनुष्यको शौभाग्य शयालु नै हुन्छ भने विचरणशील मनुष्यको शौभाग्य उस संगै चलायमान हुन्छ।'उपर्युक्त श्लोक भित्र अन्तर्भूत भावले नै प्रष्ट्याउँछ की मानवीय जीवनको सार्थकता तथा उद्दीप्तता संग विचरणशीलताको अपरिहार्यता कत्ति छ भनेर।भ्रमणको रसास्वादन द्वारा प्रदत्त अनुभूति प्रस्फुरण गर्दै Moorish उखान:'**He/She who does not travel does not know the value of human**'.ले सुझाएझैं परिभ्रमण पश्चात मात्र हामीलाई मानव जीवनको वास्तविक मूल्य र गुणवत्ता प्रतिबोध हुन्छ।

बिश्व पर्यटनको निर्विकल्प स्वर्णीम गन्तब्य जहाँ उत्तर तर्फ हिमाच्छादित पर्वतमालाको श्वेताम्बरी परिदृश्य,दक्षिण तर्फ शस्यशालिनी धरती,हिमस्खलित कञ्चन जलप्रवाह,बहुसांस्कृतिक/बहुधार्मिक रंगमंच,ऐतिहासिक/पुरातात्विक सम्पदाको अनुपम ऐश्वर्यस्थल,बुद्ध,जनकपुत्री सिता एवं भृकुटीको जन्मस्थल,आतिथ्यता अनि सत्कारपूर्ण संस्कारको अनुकरणयोग्य आदर्श केन्द्र,जैबिक विविधताको अलौकिक भुमि एवं बिश्वका उत्कृष्ट पर्यटकीय गन्तब्यहरु माझ विशिष्ठ तथा शीर्षस्थ स्थान बनाउन सफल गौरवशाली राष्ट्र नेपालको पर्यटन उद्योगले कूल गार्हस्थ उत्पादनको ८% हिस्सा ओगटेको छ,दश लाख पचास हजार भन्दा बढी रोजगारी सिर्जना गर्न सफल भएको छ साथै यसै अनुरुप प्रगति हुनसके सन् २०२९ सम्म थप ३ लाख रोजगारी सिर्जना हुनसक्ने प्रक्षेपण सन् २०१८ को एक अध्ययनले प्रतिविम्बित गरेको छ।

नेपालको राष्ट्रिय अर्थतन्त्रको एक आशलाग्दो,प्रचुर सम्भावना बोकेको एवं दीर्घकालीन महत्वको पर्यटन उद्योगले विगतमा समेत कैयौं दबाब,प्रभाव अनि अभाव सम्मिश्रित चुनौति सामना गर्दै बल्लतल्ल बामे सर्ने अवस्थाको Milestoneभेट्न पुगिरहेको पृष्ठभुमिमा साबिकमै विद्यमान अवरोधहरू जस्तै;अपूर्ण भौतिक पूर्वाधार,मौजुदा सांस्कृतिक,धार्मिक,ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा जीर्णोद्धार प्रति उदासीनता,पर्यटकहरुका लागि आवश्यक पर्यटन सामग्रीहरुको अनुपलब्धता,पर्यटक सहयोग/सुचना केन्द्रहरुको अब्यवस्था/दूरावस्था ,राजनीतिक अस्थिरता/आन्तरिक द्वन्द,नीतिगत/प्रक्रियागत असहजता इत्यादिका अतिरिक्त हाल विश्वब्यापी महामारी (Pandemic)का रुपमा मानवीय,सामाजिक,आर्थिक,राजनीतिक,धार्मिक,मनोबैज्ञानिक आदि आयाममा आफ्नो भीमकाय विध्वंसकारी एवं त्रासदायी चरित्र सहित प्रकटीकरण भईरहेको Covid19 संक्रमण यस उद्योगका लागि त झनै यस शताब्दीकै अभुतपूर्व ,अकल्पनीय एवं अपूरणीय संघात तथा अविस्मरणीय अभिशाप बन्न पुगेको छ।

सन् २०१९ मा चीनको उहान प्रान्तबाट २१औं शताब्दीकै सर्वाधिक विनाशकारी संक्रमणको रक्तबीजको रूपमा पदार्पित नोबल कोरोना भाईरस संक्रमण सन् २०२० जनवरी २३ मा आयातीत संक्रमणको रुपमा नेपालमा समेत देखा पर्यो।

SARS Cov 2 नामक भाईरसको संक्रमण तथा श्वासप्रश्वास(Droplet) एवं संक्रमित स्थानहरू संगको असुरक्षित स्पर्शबाट प्रसार हुने भनिएको Covid 19 रोग शनै शनै अनियन्त्रित तथा अप्रत्याशितरुपमा बिस्तार हुँदै गएपछि सन् २०२० जनवरी ३० मा WHO ले अन्तर्राष्ट्रिय स्तरकै ध्यानाकर्षण हुनेगरी जनस्वास्थ्य संकटकाल (Public Health Emergency)घोषणा गर्‍यो जुन पर्यटन उन्नयन यात्राका लागि अपशकुन साबित भयो।

कोभिड १९ को संक्रमण दर (Incidence rate)उच्च हुँदै छोटो अवधिमै बिभिन्न राष्ट्रहरुमा संक्रमितको अनपेक्षित संख्यात्मक अभिबृद्धि तथा संक्रमणको अन्तरदेशीय प्रसार(Cross border transmission)देखिए पश्चात नेपाल सरकारले सन् १९९८ र २०११ को 'नेपाल भ्रमण वर्ष' अभियानको प्रशंसायोग्य उपलब्धीको उत्साहपूर्ण नजीरमा टेक्दै सन् २०२० को अन्त सम्म बीस लाख पर्यटक भित्र्याउने महत्त्वाकांक्षी लक्ष्यका साथ २०२० जनवरी १ मा घोषणा गरेको 'Visit Nepal 2020' अभियान Covid 19 द्वारा सिर्जित सकसपूर्ण प्रतिकूलताको परिणामस्वरुप २०२० March ३ मा स्थगित गर्न बिवश भयो जुन पुनः नेपालको पर्यटन अधोगमनका लागि अतिरिक्त प्रहार बन्यो।

Covid 19 को रोगदर(Morbidity),फैलावट/प्रसार (Transmission) र मृत्युदर(Mortality) मा क्रमशः बढोत्तरी हुँदै गर्दा अन्तर्राष्ट्रिय चिन्ता,चाँसो र सावधानीको आवश्यकता महशुसीकरण गरी WHO ले सन् २०२० मार्च ११ मा Covid 19 को संक्रमणलाई विश्वब्यापी महामारी(Pandemic)घोषणा गर्‍यो ,सो लगत्तै नेपाल सरकारले पनि २०२० मार्च १३ मा हिमाल आरोहण,सामुहिक भ्रमण लगायतका पर्यटकीय गतिबिधि माथि बन्देज लगाउँदै प्रवेशआज्ञा (Visa) वितरण कार्य स्थगित गर्ने निर्णय गर्‍यो। परिणामस्वरूप २०२० अप्रिलको मात्रै तथ्यांक केलाउने हो भने पनि २०१९ अप्रिलको तुलनामा Covid 19 को आतंकले ९९% भन्दा बढिले पर्यटक आवागमनमा गिरावट आयो साथै नेपाल सरहद भित्र रहेका करिब दश हजार पर्यटकहरुको बिचल्ली भयो अनि अन्ततोगत्त्वा उनिहरु किंकर्तब्यबिमूढ हुँदै स्वदेश फिर्ता हुन बाध्य भए।

मार्च २३ मा जब Covid 19 को दोस्रो आयातित संक्रमित नेपालमा पहिचान भयो ;तत्पश्चात नेपाल सरकारले सम्पूर्ण राष्ट्रिय/अन्तर्राष्ट्रिय उडान स्थगित गर्दै होटेल/रेष्टुराँ लगायत अन्य Tourist booking का क्रियाकलाप माथि प्रतिबन्ध लगायो,भईसकेका Booking रद्द गर्ने निर्णय गर्‍यो । फलतः पर्यटन उद्योग त पुनउत्थानको झिनो प्रत्याशा सहित भाँसियो ,भाँसियो ; संगसंगै ठूलो संख्यामा एकैपटक हजारौं सो पेशामा आवद्ध निरीह जनताले बेरोजगारीको असह्य राप तथा गुणस्तरहीन जीवनयापनको सकसताबाट अभिशप्त हुनुपर्‍यो । नेपालको अर्थतन्त्रमा परेको उपर्युक्त दुष्प्रभावले मानव विकास सुचकांक अनुरुपको गुणस्तरीय जीवनको कुरै छोडौं; न्युनतम जीजीविशा परिपूर्ति हेतु आवश्यक संसाधन ब्यवस्थापन गर्न नसकी सिर्जित मानसिक/मनोबैज्ञानिक विश्रृङ्खलताको फलस्वरुप कैयौं ब्यक्तिहरु आत्महत्या /सामुहिक आत्मदाह गर्न बिवश भए/पारिए ।

उपनिषद् को एक लोककप्रिय श्लोकः **'शरीरमाद्यं खलु धर्मसाधनम्'** यानिकी अरु सबै धर्म सम्पादनका लागि शरीर प्राथमिक शाधन हो ,यो निर्विवाद छ। अतः Covid 19 निसन्देह एक संक्रामक रोग भएकोले यसको रोकथाम एवं नियन्त्रणका लागि जनस्वास्थ्य सावधानीको ब्यवस्थापकीय प्रवन्धन मार्फत रोगको

नियन्त्रण तथा रोकथाम तर्फको प्रभावकारीता एवं संवेदनशीलता नितान्त आवश्यक छ,यसमा कुनै बिमति छैन ।

तर त्यसो सुझाईरहँदा संक्रमण रोकथाम तथा नियन्त्रण परिलक्षित क्रियाकलाप जस्तैः Lockdown,निशेधाज्ञा जस्ता शुन्य सहिष्णुता सहितका प्रतिबन्धात्मक नीतिगत तथा प्रशासनिक ब्यवस्थाले पर्यटन उद्योगको मात्र होईन चुलो बल्न नसकी पेटको आगो निभाउन नसकिरहेकाहरु,बहाल तिर्न नसकी सडकमा अलपत्र परेकाहरु,चर्को ब्याजमा ऋण काढी ब्यापार गरिरहेका तर हाल एकै निमेषमा आर्थिकरुपमा सोत्तर भएकाहरु तथा दिनहु औषधि खाइ प्राण धान्नुपर्ने तर हाल सहज उपचार नपाई मरणासन्न अवस्थामा पुगेकाहरुको असह्य ऐँठन तथा शब्दबिहीन आर्तनाद कस्ले बुझिदिने ?

Covid 19 को विश्वब्यापी महामारीद्वारा अरु क्षेत्र जस्तै उद्वेलित पर्यटन क्षेत्रको दुरावस्थाले राष्ट्रिय अर्थतन्त्रमा शोधभर्ना गर्न नसकिने गरी अल्पकालीन तथा दीर्घकालीन दुष्प्रभाव ल्याउने प्रष्ट देखिन्छ ।करिब ६ महिना भन्दा बढीको गत्यावरोधले सन् २०२० को सुरुवाती ६ महिनामा करिब ७० Billion भन्दा बढीको आर्थिक नोक्सानी तथा प्रत्यक्ष /परोक्षरुपमा १० लाख भन्दा बढीको बेरोजगारी निम्त्याएको देखिन्छ। साथै दीर्घकालीनरुपमा सन् २०३० सम्म प्राप्त गर्ने गरी निर्धारित दिगो विकास लक्ष(SDG) अन्तर्गत अति गरीबी(Extreme poverty) ५% भित्र ल्याउने,न्युन पोषण(Undernourishment) ३% मा झार्ने लगायतका कैयौं प्राप्य एवं सम्भाब्य लक्ष्यहरू समेत सुदूर हुँदै गएको देखिन्छ ।

बिगतका वर्षहरुमा भन्दा उत्साहप्रद संख्यामा पर्यटक भित्र्याउने गरी नेपाल सरकारले घोषणा गरेको 'नेपाल पर्यटन वर्ष २०२०'को शुभारम्भ तथा Covid 19 महामारीको विभिषिकाको उठान संगसंगै हुनु पनि नेपालको पर्यटन उद्योगका लागि हठी चुनौती तथा कालकूट साबित भयो। २०१९ को तुलनामा २०२० को प्रथम ६ महिनामा करिब ६३% ले पर्यटन खस्किएको देखिन्छ।

अब समाधान के त ? यो बारे चर्चा गरौः

के Lockdown महामारी बिरुद्धको संग्राममा एक मात्र सर्वाधिक महत्त्वको अस्त्र हो ?Covid 19 बिरुद्ध निशेधाज्ञा जारी गरिरहँदा Covid इतरका विशाल तर लुप्त (Giant but hidden) समस्याहरु माथि हाम्रो दृष्टिगोचर भएको छ ? Lockdown जारी राख्दा वा जनस्वास्थ्य सावधानी सहित जनजीवन सामान्यीकरण गर्दा सिर्जना हुने परिस्थितिको तुलनात्मक प्रभाव मूल्यांकन गरेका छौं ?Lockdown कहिले सम्म ? एक पटक बिशद चर्चा गरौं:

हाल सम्मको वैज्ञानिक अध्ययन /अनुसन्धानको निष्कर्ष अनुसार Covid 19 रोकथाम,नियन्त्रण तथा ब्यवस्थापनको लागि ४ वटा बिकल्प चर्चामा छनः

१.संक्रमण रोकथामको पहिलो वैज्ञानिक एवं भरपर्दो बिधि होः Immunization(खोप) तर विडम्बना बिभिन्न राष्ट्रहरुले Covid19 बिरुद्धको खोप उत्पादनको पृथक पृथक चरणमा पुगेको दाबी गरेका छन्;सो मध्ये रूस अग्रपङ्तिमा देखिन्छ तर त्यसको पनि Efficacy र Safety विवादास्पद छ। यसरी सबै कुरा हेर्दा चाँडो भए करिब १.५ देखि २ बर्ष यता हामीकहाँ Vaccine पुग्ने सम्भावना देखिंदैन।

२.अर्को प्राकृतिक सुरक्षा बिधि होः Herd Immunity कूल जनसंख्याको करिब ६५% कोभिड १९ बाट संक्रमित भएमा बाँकी जनसंख्या प्राकृतिकरुपमै सो Virus बिरुद्ध Immune हुने र फलस्वरुप

उनीहरूमा संक्रमण फैलिने सम्भावना न्युन हुने बिज्ञहरुको दाबी छ तर नेपालको परिप्रेक्ष्यमा हाल सम्म १% जनसंख्या समेत संक्रमित भईनसकेको सन्दर्भमा यो पनि ब्यावहारिक देखिदैन ।

३.उपचार सुनिश्चितताः यो एक Viral Infection भएकोले हाल सम्म यस बिरुद्ध कुनै पनि Specific औषधि न त बनेको छ,न तत्काल बन्ने सम्भावना नै देखिन्छ। Ebola Virus बिरुद्ध प्रयोग भएको Remdesivir केहि प्रभावकारी रहेको भनिएतापनि लक्षण देखिने अवधि(Symptomatic Period) छोट्याउन बाहेक मृत्युदर न्युनिकरणमा यसको खासै प्रभावकारीता नदेखिएको अध्ययनले देखाएको छ। अर्को कुरा ८०-९० % संक्रमितमा कुनै जटिलता नदेखिएको एवं मृत्युदर समेत १-२% मात्रै रहेकोले यस रोगबाट भयभित हुनुपर्ने कुनै तुक देखिदैन।मात्रै बृद्धबृद्धा एवं दीर्घरोगीहरुलाई सुरक्षित राख्नुपर्ने देखिन्छ ।

४.चौथो मननयोग्य एवं ब्यवहारोपयोगी विकल्प होः'Ultimately we have to learn to live with virus.'अथवा अब न त तत्काल प्रभावकारी भ्याक्सिन आउन सक्ने सम्भावना नै रह्यो,न त ६०-७०%संक्रमित भई Herd Immunity बाट ढुक्क हुने अवस्था नै रह्यो,न त सुरक्षित र प्रभावकारी Antiviral औषधि बन्ने सुनिश्चितता नै रह्यो,न त रोगको जटिलता दर तथा मृत्युदरको उच्चताले त्रसित हुनुपर्ने अवस्था नै रह्यो ।

त्यसो हो भने तत्काल Covid19 का सन्दर्भमा कुनै Groundbreaking Remedy वा आशलाग्दो उपलब्धी आउने सम्भावना नरहेको बस्तुस्थितिमा देशनै कंगाल हुनेगरी वर्षौं वर्ष अन्धबेगमा बन्दाबन्दी/निशेधाज्ञा जारी मात्रै राख्नु भन्दा तपशील बमोजिमको मार्गचित्र सहित जनस्वास्थ्य सावधानी अपनाई पर्यटन गतिबिधि अगाडी बढाउँदा श्रेयस्कर हुने देखिन्छः

१.समुदाय स्तर सम्म RT-PCR को पहुँच सुनिश्चित गरी Mass Screening मार्फत संक्रमणको श्रोत एवं भार पहिचान गर्ने तथा प्राप्त नतिजा अनुसार मापदण्ड बनाई सम्पूर्ण राष्ट्रलाई क्षेत्रगतरुपमा Red (जोखिम),Yellow (मध्यम जोखिम) तथा Green (नगण्य जोखिम) Zone मा वर्गीकरण तत्काल गर्ने ।

२.जोखिम मूल्यांकनको आधारमा गरिएको वर्गीकरण अनुसार Green zone मा तत्काल एवं तत्पश्चात कडाईका साथ जनस्वास्थ्य सावधानी अपनाई Yellow Zone मा क्रमशः पर्यटन गतिविधि शुभारम्भ गर्ने।

३.आसन्न Post Covid New Normal परिस्थिति अनुकूल समायोजित भई अगाडी बढ्न नेपाल सरकारले आफ्ना सम्पूर्ण नीतिगत,संरचनागत,प्रक्रियागत,प्राविधिक तथा ब्यवस्थापकीय आयामहरू महामारी संबेदनशील तथा पर्यटनमैत्री हुनेगरी पुरावलोकन गर्नुपर्ने ।

४.महामारीले उत्पन्न गरेको मनोवैज्ञानिक सन्त्रास,सामाजिक लान्छना तथा मनोसामाजिक विश्रृङ्खलता चिरी जनजीवन सामान्यीकरण गर्न मनोसामाजिक परामर्श ,स्वास्थ्य शिक्षा,संचार लगायतका कुराहरु मा केन्द्रिकृत हुनुपर्ने ।

५.नेपालको पर्यटन क्षेत्रका मुख्य आकर्षण हिमाल,पर्वतश्रृङ्खला,भन्ज्याङ,बेसी,नदीनाला लगायत अन्य प्राकृतिक सम्पदा प्राय मानवबस्तीबाट दूरस्थ रहेका तथा स्वच्छ वायु,शुद्ध जल एवं सदाबहार बनजंगल जस्ता रत्नद्वारा अलंकृत भएको हुँदा Covid 19 को संक्रमण बिस्तार रोक्न प्राकृतिक प्रतिरोधक साबित हुनसक्छन्,यस महामारीको बेला नेपाल एक सुरक्षित स्वर्णीम पर्यटकीय गन्तब्य बन्न सक्छ ।यसको लागि सरकारद्वारा ब्यापक प्रचार/प्रसार तथा पथप्रदर्शन अत्यावश्यक छ।

६.पर्यटक सम्बद्ध समस्त सेवा,सुविधा तथा गतिविधिहरू Digitalized हुनु सुरक्षा तथा सहजताका दृष्टिले नितान्त जरुरी छ ।यसका लागि Information Communication Technology तर्फ सरकारको ध्यानाकर्षण हुनुपर्दछ ।

७.Covid 19 Pandemic का कारण Coma(अचेतावस्था) मा रहेको पर्यटन उद्योगमा रक्तसंचार गराई पुनर्जीवन प्रदान गर्न स्थानीय ब्यापार,ब्यवसाय तथा Brand लाई मूलप्रवाहीकरण गर्नु अनन्य आवश्यक छ ।

८.पर्यटकीय सम्पदाहरु (मठ,मन्दिर,गुम्बा,अन्य ऐतिहासिक/पुरातात्त्विक स्थल आदि)को अनिवार्य एवं नियमित सरसफाई तथा दूषणनिवारण (Decontamination) को लागि बाध्यकारी नीतिगत ब्यवस्था गर्नु अपरिहार्य छ ।

८.जोखिम अवस्था बिश्लेषण गरी तथा चिकित्सा मापदण्ड मुताविक संसारका Green Zone मा पर्ने मुलुकहरुका पर्यटकहरु बाट अन्तर्राष्ट्रिय पर्यटनको द्वार खुला गर्ने ।यसका लागि नेपालमा समेत PCR अनिवार्य गर्ने ।

९.ब्यक्तिगत सुरक्षा उपकरण(PPE) जस्तैःमास्क,पञ्जा,सेनिटाईजर,Hand rub lotion ,goggles ईत्यादिको पर्याप्त उपलब्धता सुनिश्चित गर्ने साथै पर्यटन मार्ग/गन्तब्यहरुमा अस्थायी Health Unit स्थापना गरी थप पर्यटक मैत्री स्वास्थ्य सेवाको प्रत्याभूति गराउने ।

१०.बिमानस्थल,सडक पूर्वाधार,पदमार्ग आदि बिस्तार तथा स्तरोन्नति साथै सडक यातायात एवं आन्तरीक हवाई यातायातको जनस्वास्थ्य सावधानी सहित पुनर्आरम्भ ।

११.आन्तरीक पर्यटन प्रवर्धनार्थ सरकारद्वारा हप्तामा थप एक दिन पर्यटन विदाको ब्यवस्था गरिनुपर्ने,आदि

कोरोना संगै पर्यटन प्रवर्धन विद्यमान परिस्थितिमा ब्यापक बहस तथा समालोचनाको विषय भएपनि संगसंगै अहिलेको अत्याज्य आवश्यकता पनि हो । यसका लागि सरकार तथा सम्बद्ध पक्षले प्रधानतः दुईटा Umbrella Approach अङ्गीकार गर्नुपर्दछः

- **Software Approach**:यो पहिलो Step हो जसमा Health awareness training programme को माध्यमबाट पर्यटन उद्यममा संलग्न कर्मचारी(employee)हरुलाई संक्रमण सुरक्षा मापदण्ड जस्तैःनियमित सरसफाई,दूषणनिवारण,PPE को प्रयोग आदि तर्फ सचेत र प्रतिबद्ध गराई ब्यवस्थापकले आफ्नो पक्ष (सेवा प्रदायक) र पर्यटक पक्ष(ग्राहक) ले कडाइका साथ जनस्वास्थ्य Protocol आत्मसात गरे /नगरेको सुनिश्चित गर्न मार्गप्रशस्त गर्छ ।
- **Hardware Approach**: यसमा पर्यटकलाई आफु सुरक्षित रहेको अनुभूति दिलाउन तथा सेवाप्रदायकले ग्राहकको स्वास्थ्य सुरक्षा प्रति प्रतिबद्ध भएको प्रत्याभूति गराउन स्वच्छता तथा सुरक्षा उपकरणको Installation गर्ने कुरा इङ्गित गर्दछ जसमा Chemical sterilizers,Special air filters,Sanitizer and Sinks,Employee तथा Guest को दैनिक तापक्रम Monitoring हेतु Thermometre आदिको ब्यवस्थापन पर्दछन् ।सन् २००३ मा फैलिएको SARS Outbreak ले एउटा गतिलो पाठ सिकाएको छ जसमा चीनको प्रान्त Guangdong का एक संक्रमित चिकित्सक जब Hongkong भ्रमणमा गए,उनले Hongkong को एक स्थानीय होटेलमा बस्दा उक्त होटेलमा संगै रहेका Hongkong,China,Vietnam,Singapore र Canada बाट आएका अन्य पर्यटकहरुलाई SARS को संक्रमण सारिदिए ।पुनः ति संक्रमित पर्यटकहरु स्वदेश फिर्ता भएपश्चात तत् तत् देशमा कैयौँलाई संक्रमण प्रसार भयो अनि संक्रमणको अन्तर्राष्ट्रियकरण भयो।अतः अब्यवस्थित होटेलहरू संक्रमण बिस्तारको माध्यम बन्न सक्ने भएकोले सुरक्षा उपकरणको बाध्यकारी ब्यवस्थापन आवश्यक छ।

समुद्र सतह देखि ५८ मि.उचाई मात्रै भएको केचनाकवल देखि ८८४८ मि.को विश्वकै सर्वोच्च शिखर सगरमाथा सम्म हिमाल,पहाड र तराईको भौगोलिक विविधता,जैविक विविधतामा विश्वकै २५ औं उत्कृष्ट गन्तब्य,विश्वकै १५ औं सस्तो पर्यटन गन्तब्य तथा बहुधार्मिक/बहुसांस्कृतिक रत्न नेपालको पर्यटन उद्योग Covid 19 को Pandemic का प्रभावले प्रताडित बनेको सन्दर्भमा पर्यटनमैत्री तथा महामारी परिलक्षित नीतिगत एवं ब्यवस्थापकीय आधारशिला सहित प्रारम्भिकरुपमा आन्तरीक पर्यटकीय गतिविधि शिघ्रातिशीघ्र उच्च सतर्कतापूर्वक पुनः आरम्भ गर्नु नितान्त आवश्यक भईसकेको छ ।Covid 19 Pandemic हाम्रो लागि अवसर र चुनौती दुवैको साझा कारक रह्यो ।महामारी अवधिमा गरिएको बन्दाबन्दी/निशेधाज्ञाले पर्यटन पूर्वाधार निर्माण,ऐतिहासिक,धार्मिक,पुरातात्विक सम्पदाको जीर्णोद्धार आदिको लागि उपयुक्त सुअवसर प्रदान गऱ्यो तर त्यो फुर्सदिलो समय पर्यटन ऊर्ध्व गमनका लागि कति उत्पादक बनाउन सक्यौं त्यो समीक्षाको विषय होला ।

अतः नेपाली अर्थतन्त्रको मियो पर्यटन उद्योगलाई Anti-Covid पूर्वतयारी सहित प्रथमतः क्षेत्रीय पर्यटन प्रवर्धनबाट गतिशील बनाई सामाजिक आर्थिक रूपान्तरण मार्फत **'सुखी नेपाली समृद्ध नेपाल'**को परिकल्पनालाई तिनै तहको सरकारले समन्वय,सहकार्य र सहअस्तित्व मार्फत साकार पार्न अब बिलम्ब गर्नु हुँदैन ।सरकारले आफ्ना नागरिकको तथा अतिथितुल्य आगन्तुक पर्यटकहरुको स्वास्थ्य सुरक्षाप्रति संबेदनशील बन्दै तन्द्रिएको पर्यटन उद्योगलाई पुनर्जागृत गरी आर्थिक समृद्धि उन्मुख पहलकदमी लिनु साथै सवै नागरिकहरुले समेत यथास्थान बाट सो अभियानमा हैँसेहाँस्टे गर्दै अघि बढ्नु नै अहिलेको सन्दर्भमा पर्यटन उन्नयनार्थ एक स्तुत्य,निर्विकल्प एवं अनुपम आवश्यकता हो ।

**अस्तु ।**

**लेखकः** बिश्वेश्वर प्रसाद भट्ट
**ठेगानाः**भिमदत्त नगरपालिका-१५,कञ्चनपुर
**सम्पर्क नं**-९८४८७११५६२
**ईमेलः** bishweshwarbhatt@gmail.com